३७औं कार्यपालिका बैठक २०८१।०३।१८ गते

प्रस्ताव नं. १ प्रशासनिक खर्च शिर्षकको बजेट संशोधन सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा प्रशासनिक चालु तर्फ तपशिल बमोजिमका शिर्षकहरुमा रकम अभाव भई प्राप्त फाइलहरुको भुक्तानी दिन समस्या भएकोले तपशिल बमोजिमको शिर्षकहरुबाट संशोधन गरि रकम भुक्तानी दिने निर्णय गरियो ।

| घटाउने शिर्षकहरु | रकम |
|---|---|
| पारिश्रमिक कर्मचारी | २५००००० |
| पदाधिकारी अन्य सुविधा | १०५७५०० |
| घरभाडा | ५२१००० |
| सवारी साधन तथा मेशिनरि औजार भाडा | २००००० |
| सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | ३००००० |
| जम्मा | ४५७८५०० |
| थपगर्नुपर्ने शिर्षकहरु | रकम |
| निशुल्क रक्तसंचार सेवा कार्यक्रम | ३०७००० |
| हाम्रो छोरी प्यारी छोरि कार्यक्रम | ५१४००० |
| पत्रपत्रिका छपाइ | ५००००० |
| भ्रमण खर्च कर्मचारी | ४००००० |
| अन्य सामाजिक सहायता खर्च | १००००० |
| इन्धन | ७००००० |
| सवारी साधन मर्मत खर्च | ५००००० |
| मसलन्द तथा कार्यालय सामाग्री | ५००००० |
| विविध खर्च | ५००००० |
| मेशिनरि औजार खरिद | ५००००० |
| कामाख्या प्रतिष्ठान नेपाल | ५७५०० |
| जम्मा | ४५७८५०० |

प्रमाणित

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली

नगर प्रमुख

२०८१-३-२०

प्रस्ताव नं. २ सार्बजनिक सुनुवाई सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.२०८०/०८१ मा यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुवाट नागरिकहरुलाई प्रदान गरिएको सेवा, सञ्चालन गरिएका कार्यक्रम र विकास निर्माणसम्बन्धी योजनाहरुको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम यही मिति २०८१।०३।२८ गते दिनको १ बजे टीकापुर नगरपालिका वडा नं.७ वडा कार्यालय परिसरमा गर्ने गरी तय गरियो साथै उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा सम्पुर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु अनिवार्य उपस्थित हुने र कार्यालयका सम्पुर्ण शाखा/उप-शाखा/इकाईहरुलाई प्रगति प्रतिवेदन सहित उपस्थित हुन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ टीकापुर-३ वडा कार्यालय भवनको ठेक्का रद्द सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ०३ को वडा कार्यालयको प्रशासनिक भवन निर्माण स्थलको छनौट भएको जग्गा जिल्ला कालिकोट नानीकोट गा वि स वडा न ०७ घर भई हाल जिल्ला कैलाली टीकापुर न. पा. वडा न ०१ बस्ने विष्णु ऋषी संज्यालको छोरा वर्ष ५८ को टंक प्रसाद संज्याललले श्री सम्मानित कैलाली जिल्ला अदालतमा आफ्नो हक दावी भएको विषय सम्बन्धी निषेधाज्ञा सम्बन्धित वडा कार्यालय,वडा अध्यक्ष र टीकापुर नगरपालिकालाई विपक्षी बनाई दायर भएको मुद्‌वामा सम्मानित अदालत बाट निषेधाज्ञ जारी नगर्नुपर्ने कुनै कारण भए सोको प्रमाण सहित लिखित जवाफ पेश गर्नु भनी कार्यालय र वडा अध्यक्षका नाममा म्याद तामेल गरी उक्त मुद्‌वाको लिखित जवाफ पेश भै हाल उक्त मुद्‌वाको किनारा नभई विचाराधिन अवस्थामा रहेको हुँदा निर्माण कार्यको कार्यान्वयन गर्न सहज नभएको र मिति २०८१/०३/१४ गतको मुल्याकंन समितिको सिफारिस बमोजिम यस कार्यलयबाट प्रकाशित सूचना ठेक्का नं. TMO/NCB/27/BUILD/2080/081 "वडा नं. ०३ को वडा कार्यलयको प्रशासनिक भवन निर्माण,टी.न.पा.-०३, कैलाली" सम्बन्धि ठेक्का रद्द गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ कभर्डहलको बिस्तृत अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ०१ मा कर्भडहल निर्माण कार्यका लागि श्री सिद टेक कन्सल्टेन्सी प्रा.लि ., मध्यपुर ठिमि, भक्तपुर बाट प्राप्त बिस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कर्भडहल निर्माण स्थलकालागी श्री वीरेन्द्र विधामन्दिर माध्यमिक विधालय,टीकापुरको मिति २०८१।०३।०७ च.नं.३७९ को पत्रानुसार कर्भडहल निर्माण कार्यका लागि निम्नानुसारको जग्गा एकिन गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

राम्लाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| क्र. स. | जग्गाको स्वामित्व | साविक गा. वि. स. | कि.न. | क्षे. फ. | चार किल्ला विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वीरेन्द्र विधामन्दिर माध्यमिक विधालय, टीकापुर | टीकापुर गा. वि. स. वडा नं. ०१ | १९६ | ३८१०० ब.मि. | पूर्व तर्फ - बाटो, पश्चिम तर्फ- बाटो, उत्तर तर्फ -बाटो, दक्षिण तर्फ कि.न.१९७ | |

प्रस्ताव नं. ५ गुरुयोजना सहितको Engineering प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा टीकापुर-१ स्थित कैलालेश्वर शिवमन्दिरको गुरुयोजना सहित विस्तृत Engineering प्रतिवेदन स्वीकृत गर्ने र क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ वैदि स्थित ओजुवा तालको प्रारम्भिक वातावरणिय प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.७ स्थित वैदि स्थित ओजुवा तालको प्रारम्भिक वातावरणिय प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ चिस्यान (Cold Store) केन्द्रको अनुदान रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको मिति २०७९ असार ३० गतेको चौथो कार्यपालिकाको निर्णय नं. १४ तथा टीकापुर नगरपालिकाको मिति २०८० मंसिर २५ गतेको चौबिसौं कार्यपालिकाको निर्णय नं. ४५ बमोजिम रानी जमरा कुलरिया सिंचाइ प्रणाली जल उपभोक्ता संस्था मुल समितिलाई रु. ६७,०३,६५८/- रकम निकासा गर्ने भनी निर्णय भएकोमा रानी जमरा कुलरिया सिचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाईको प.स. २०८०/०८१ च.नं.९८४ मिति २०८१/०३/०२ को पत्र अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय कैलालीमा रहेको विविध खाता क-२.६.मा जम्मा गरिदिन भनि अनुरोध भइ आएकोले नगरपालिकासँगको सम्झौतामा रहेका शर्तहरु पुरा गर्नेगरि उक्त खातामा अनुदान वापतको रकम जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ ह्युमपाईपको रकम भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७९ असारमा सभाबाट स्वीकृत बजेटको आधारमा रहि लागत अनुमान तयार गरि सिलबन्दी दरभाउ आव्हान गरिएकोमा प्रथम पटक तीन वटा प्रस्तावहरु मध्ये एकवटा प्रस्ताव Non-Eligible भएको तथा दोस्रो पटक पुन सिलबन्दी दरभाउपत्र आव्हानमा एकवटा फर्म दर्ता भएकोले कार्यालयको गठित मुल्याङ्कन समितिद्वारा परिक्षण गरि मुल्याङ्कन प्रतिवेदन समेत पेश भई मिति २०७९/०४/०३ गते दरभाउपत्र प्रस्ताव स्वीकृत गरि मिति

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

प्रमाणित
प्रमुख

२०७९/०५/०६ गते सम्झौता गर्न आउने सम्बन्धमा पत्र काटिएको तथा मिति २०७९/०५/१३ गते सम्झौता गरि पाउँ भनि कार्यालयमा निवेदन दिई मिति २०७९/०५/१४ गते दर्ता भएकोले सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सम्झौता कार्यदेश लगायतका सम्पूर्ण प्रक्रिया पुरा भएकोमा आर्थिक वर्षको अन्तिम मसान्तमा कार्यचापको कारण तथा सम्बन्धित स्रोतमा रकम अभाव भई आ.व. २०८०/०८१ मा योजना अल्या भई आएकोले हालसम्मको सम्पूर्ण प्रक्रियालाई अनुमोदन गरि भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ सटर भाडा सम्बन्धमा ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा यस नगरपालिकाको कार्यालय भवनको वरिपरि रहेका सपिङ्ग कम्प्लेक्स भवन, वडा नं.१ मा रहेको गोलघर र तरकारी पसल रहेको भवन तथा ७ नं.वडा कार्यालयको परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनमा रहेका सटर कवलहरुको बाँकीबक्यौता रकम असुली तथा बहाल व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाबाट विगतमा भएका निर्णय, कार्यपालिकाबाट गठित अध्ययन समितिबाट प्राप्त सुझाव र सटर कवलमा बहालमा बसेका व्यक्ति/ फर्महरुबाट पेश भएको निवेदन समेतका आधारमा देहाय बमोजिम गर्ने/ गराउने निर्णय गरियो ।

१.न.पा.भवनको उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनमा रहेका सटर (कोठा) नं. ५२, ५३, ५५, ५६, ५७, ५८, ६० र ६१ को २०८२ असार मसान्तसम्ममा बहाल सम्झौताको अवधि रहेकोमा सम्बन्धित सटर कवलमा पसल सञ्चालन गरि रहेका व्यक्ति/ फर्मबाट बहाल सम्झौता खारेजिका लागि निवेदन पेश भएकोले निजहरु र नगर कार्यपालिकाको कार्यालय बिच भएको बहाल सम्झौताको शर्त बमोजिम मिति २०८१ श्रावण १ गतेबाट लागू हुने गरी उक्त सटर कवलको बहाल सम्झौता खारेज गर्ने ।

२.सटर (कोठा) नं. ५२, ५३, ५५, ५६, ५७, ५८, ६० र ६१ मा पसल सञ्चालन गरि रहेका व्यक्ति/ फर्महरुले हालको आर्थिक मन्दीका कारण एकमुष्ठ बक्यौता रकम तिर्न नसक्ने भएकोले उक्त रकम कम्तिमा पनि ६ (छ) महिना समय दिई बाँकी रहेको रकमलाई चेक वा बैंक ग्यारेन्टी मार्फत सो समयसम्म तिर्ने व्यवस्था मिलाइ दिन अनुरोध भई आएकोमा सटर खाली हुने दिनसम्मको बहाल रकम र विलम्ब शुल्क देहाय बमोजिम बुझाउन सक्ने व्यवस्था मिलाउने ।

(क) २०८१ जेष्ठ मसान्तसम्मको बाँकीबक्यौता रकमको कम्तिमा ७५ प्रतिशत रकम चुक्ता गरि सकेकाहरुको हकमा बढीमा १ महिना भित्र बाँकी रकम बुझाई सक्ने लिखित कबुलियतनामा गराई सम्झौता खारेज गर्ने ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(ख) बाँकीबक्यौता रकमको कम्तिमा ५० प्रतिशत रकम चुक्ता गरि सकेकाहरुको हकमा बढीमा २ महिना भित्र बाँकी रकम बुझाई सक्ने लिखित कबुलियतनामा वा गुड फर पेमेन्ट चेक वा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा "क" वर्गको वाणिज्य बैंकबाट जारि भएको ९० दिन मान्य अवधि रहेको बैंक जमानत पत्र पेश गर्न लगाई बहाल सम्झौता खारेज गर्ने ।

(ग) बाँकीबक्यौता रकमको कम्तिमा ५० प्रतिशत रकम चुक्ता गरि नसकेकाहरुको हकमा बढीमा ५ महिना भित्रमा एकमुष्ट वा किस्तामा बाँकीबक्यौता रकम चुक्ता गरि सक्ने गरी टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा "क" वर्गको वाणिज्य बैंकबाट जारि भएको १८० दिन मान्य अवधि रहेको बैंक जमानत पत्र पेश गर्न लगाई बहाल सम्झौता खारेज गर्ने । यसरी रकम बुझाउने व्यक्ति/फर्मले सम्झौता खारेज भएको मितिले २ महिना भित्रमा बाँकीबक्यौता रकम चुक्ता नगरेमा बाँकी रकममा वार्षिक १०प्रतिशतका दरले ब्याज लाग्ने ।

३.बहाल सम्झौताको म्याद समाप्त भएका वा नवीकरण हुन नसकेका तर २०८१ जेष्ठ मसान्तसम्मको बाँकीबक्यौता बहाल रकम बुझाई सकेका र बहालमा बसि राख्न ईच्छुक व्यक्ति/फर्महरुको हकमा आर्थिक ऐनले तोकेको दररेटमा बहाल लिने दिने गरि सम्वन्धित सटर कवलमा पसल सञ्चालन गरि रहेकै व्यक्ति/ फर्मको नाममा २०८१ श्रावण १ गते देखि लागू हुने गरी ३ महिनाका लागि बहाल सम्झौता गर्ने ।

४.बाँकीबक्यौता बहाल रकम चुक्ता नगरेका तर सटर कवल खालि गर्न ईच्छुक व्यक्ति/ फर्मको हकमा माथी २ नं. मा उल्लेख भए बमोजिम कबुलियतनामा र बैंक जमानत पत्र पेश गर्न लगाई बहाल सम्झौता खारेज गर्ने ।

५.बाँकीबक्यौता बहाल रकम चुक्ता नगरेका तर सटर कवलमा निरन्तर रुपमा पसल सञ्चालन गरि राख्न ईच्छुकहरुको हकमा २०८१ श्रावण १० गते भित्रमा कम्तिमा ५० प्रतिशत रकम जम्मा गरेमा २०८१ असोज मसान्त भित्रमा बाँकीबक्यौता रकम चुक्ता हुने गरी कबुलियतनामा र बैंक जमानत पत्र पेश गर्न लगाउने र आर्थिक ऐनले तोकेको दररेटमा मासिक रुपमा बहाल लिने दिने गरि सम्बन्धित सटर कवलमा पसल सञ्चालन गरि रहेकै व्यक्ति/ फर्मको नाममा २०८१ श्रावण १ गते देखि लागू हुने गरी ३ महिनाका लागि बहाल सम्झौता गर्ने ।

६.बहाल सम्झौता खारेज भई कोठा खाली भएका सटर कवलको टीकापुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको न्यूनतम दररेटलाई आधार मानी बहालमा लगाउन बोलपत्र आव्हान गर्ने ।

७.२०८१ श्रावण १५गते भित्रमा कबुलियतनामा वा गुड फर पेमेन्ट चेक वा बैंक जमानत पत्र पेश नगर्ने वा बहाल सम्झौता नगर्नेहरुको हकमा तत्काल सटर कवल बन्द गरी / गराई बाँकीबक्यौता

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

रकम असुल उपर गर्नका लागि टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ र प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने।

प्रस्ताव नं. १० योजनाको श्रोत सुनिश्चित सम्बन्धमा ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा तपिशल बमोजिमका आयोजनाहरुका लागी आ.व.२०८०/०८१ मा विनियोजित बजेटलाई अल्या गरी बाँकी रकम आ.व.२०८१/०८२ को आन्तरिक श्रोतवाट विनियोजन गर्ने तथा आ.व.२०८२/०८३ मा पनि निरन्तरता दिने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजना | लागत अनुमान | विनियोजित बजेट रु.आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | टीकापुर-१ मा कर्भड हल निर्माण | ५,५१,९४,५०८।०० | ३९,००,०००।०० | १,५०,००,०००।०० | ३,६२,९४,५०८।०० |
| २ | जमारापुलदेखि बसपार्क सम्मको सडकको दायाँ बायाँ Green Zone मा(Beautification) सौन्दर्यकरण गर्न फुल विरुवा रोप्ने कार्य तथा रेलिंग निर्माण कार्यको लागि रकम सुनिश्चितता सम्बन्धमा | ९०,०२,९७४।०३ | ३०,००,०००।०० | ६०,००,०००।०० | - |
| ३ | हनुमान मन्दिर निर्माण वडा नं.५ दौलतपुर | १,७५,५४,५३२।०० | १०,००,०००।०० | ८२,७७,२६६।०० | ८२,७७,२६६।०० |

प्रस्ताव नं. ११ सडक वत्तिको बिल भुक्तानी सम्झौता सम्बन्धमा ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा टीकापुर नगरपालिकाका विभिन्न वडाहरुमा जडान गरिएको सडक बत्तिहरुको विगतदेखि हालसम्म रु.५,१६,५७,८२०/- बक्यौता रहेको भनि नेपाल विद्युत प्राधिकरण टीकापुर वितरण शाखाबाट पत्र प्राप्त भइ टीकापुर नगरपालिका र विद्युत प्राधिकरणले संयुक्त सडक बती गणना गरि प्रतिवेदन समेत प्राप्त भएकोले २०८१ असार मसान्त सम्मको विगतको सम्झौतालाई खारेज गरि मिति २०८१ श्रावण १ देखि लागु हुने गरि नेपाल विद्युत प्राधिकरण टीकापुर वितरण केन्द्रको पत्रअनुसार मासिक रु.२,३२,८६१/- का दरले तिर्ने गरि नयाँ सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२:- वडा नं. ०३ को बडघर घर निर्माण स्थल संशोधन सम्बन्धमा ।

निर्णय नं. १२:-प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०८०।०९।२१ गते २५औं कार्यपालिकाको बैठक निर्णय नं. १३ अनुसार बडघर घर निर्माण स्थल तोकिएको र उक्त स्थलको चार किल्ला र नक्सामा नाला परेकोले, मिति २०८१।०३।०७ गतेको वडा समितिको सिफारिस आधारमा तपसिल बमोजिम बडघर घर निर्माण स्थल संशोधन गरी एकिन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

| क्र. स. | जग्गाको स्वामित्व | साविक गा. वि. स. | कि.न. | क्षे. फ. | चार किल्ला विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक स्थल | मनिकापुर गा. वि. स. वडा नं. ०३ | ६४ | ०-१०-० | पूर्व तर्फ कि.न.६४, पश्चिम तर्फ कि.न.६४, उत्तर तर्फ कि.न.६४, दक्षिण तर्फ कि.न.६३ | कि.न.६४ को ज. वि. ०-१०-० मध्ये ज. वि. ०-१-१० ज. वि. मा बडघर घर निर्माण गर्ने |

प्रस्ताव नं. १३:- मनसुनजन्य तथा अन्य विपद् पूर्वकार्य ढाँचा तथा पुर्वसुचना संयन्त्र स्वीकृत सम्बन्धमा ।

निर्णय नं. १३:-प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाले मनसुनजन्य विपद् तथा अन्य विपद्लाई मध्यनजर गरि निर्माण तथा अद्यावधिक गरेका तपशिल बमोजिमका पूर्वकार्य ढाँचा तथा पुर्वसुचना संयन्त्र स्वीकृत गर्ने निर्णय गरियो ।

क.टीकापुर नगरपालिकाको मौषम पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यढाँचा,२०७९ (दोश्रो अध्यावधिक २०८१)

ख.टीकापुर नगरपालिकाको मौषम पूर्वानुमानमा आधारित पूर्वसुचना संयन्त्र,२०७९ (दोश्रो अध्यावधिक २०८१)

प्रस्ताव नं. १४:- थप कक्षा सञ्चालन अनुमति रद्द सम्बन्धमा ।

निर्णय नं. १४:-प्रस्ताव नं. १४ माथि छलफल गर्दा टीकापुर नगरपालिका अन्तर्गत सञ्चालित श्री थ्री स्टार एजुकेशन होम टीकापुर-४ कैलालीले शैक्षिक सत्र २०८१ देखि लागु हुने गरि कक्षा ६ (छ) को थप कक्षा सञ्चालन अनुमति प्राप्त गरेको र मिति २०८०।१२।२९ गतेको कार्यपालिकाको वैठकबाट कक्षा थपको अनुमति समेत प्राप्त गरेको तर नगर शिक्षा समितिले तोकेको समयावधि भित्र अनुमति पत्र नलिएकोले नगर शिक्षा समितिको मिति २०८१।०३।०३ गतेको सिफारीस बमोजिम उक्त विद्यालयलाई शैक्षिक सत्र २०८१ देखि थप कक्षा ६ (छ) सञ्चालनको लागि प्रदान गरिएको अनुमति रद्ध गर्ने ।

प्रस्ताव नं. १५:- एच.अई.भि.संक्रमित व्यक्तिहरुलाई पोषण भत्ता सम्बन्धमा ।

निर्णय नं. १५:-प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रका एच.अई.भि.संक्रमित व्यक्तिहरुलाई विगत वर्ष देखि वार्षिक रुपमा पोषण भत्ता वापत रु.५ हजार उपलब्ध गराउदै आएकोमा आगामी आ.व.२०८१/०८२ देखि उक्त भत्तामा रु.१ हजार थप गरी वार्षिक रु.६ हजार उपलब्ध गराउने निर्णय गरियो ।

रामलाल डगौरा थारु
नगर प्रमुख

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

प्रस्ताव नं. १६:- औधोगिक ग्राम स्थापना सम्बन्धमा ।

निर्णय नं. १६:-प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका क्षेत्रमा औधोगिक ग्राम स्थापनाका लागी सम्बन्धीत निकायमा अनुरोध गर्ने सो औधोगिक ग्राम स्थापना गर्दा आवश्यक पर्ने जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १७:- यातायात कार्यालय स्थापना सम्बन्धमा ।

निर्णय नं. १७:-प्रस्ताव नं. १७ माथि छलफल गर्दा कैलाली जिल्ला भुगोल तथा जनसंख्याका हिसाबले अत्यान्त ठुलो रहेको साथै हालको सदरमुकाम समेत जिल्लाको पश्चिम किनारामा रहेकोले यातायात व्यवस्था कार्यालयवाट हुने सेवा प्रवाहमा जिल्लाको पूर्वी बेल्टका पालिकाका बासिन्दाहरुलाइ सेवा लिन सास्ती भोग्नु परि रहेकोले पूर्वी बेल्टका करिब ६ वटा पालिकालाई पायक पर्ने यस टीकापुर नगरपालिका क्षेत्रमा यातायात व्यवस्था कार्यालय स्थापनाका लागी सम्बन्धीत निकायमा अनुरोध गर्ने र सो कार्यालय सञ्चालनका लागी आवश्यक पर्ने कार्यालय भवन उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १८:- महायोगी सिद्दबाबा आध्यात्मिक प्रतिष्ठानलाई जग्गा तोक्ने सम्बन्धमा ।

निर्णय नं. १८:-प्रस्ताव नं. १८ माथि छलफल गर्दा महायोगी सिद्दबाबा आध्यात्मिक प्रतिष्ठानका लागी आवश्यक पर्ने जग्गा टीकापुर - ५ स्थित विश्वनाथ धाम निर्माण स्थल सगै जोडेर उत्तरपट्टी आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १९ कारीतास नेपालको भवन निरीक्षण तथा मुल्याङ्कन सम्बन्धमा ।

निर्णय नं. १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. २, ३, ४, ५, ७, ८ र ९ का विभिन्न स्थानमा टीकापुर नगरपालिका, कारितास नेपाल र घरधनिहरुको संयूक्त लागत साझेदारीमा निर्माण भएका घरहरुको AS Built Drawing तथा प्राविधिक मुल्यांकन गरी Detailed Report पेश गर्ने परामर्स सेवाका लागी तेश्रो पक्षवाट सिभिल ईन्जिनियर-१ जना, सव-इन्जिनियर-१ जना र अमिन-१ जनालाई उक्त कार्य गर्न लाग्ने आवश्यक पर्ने निश्चित समय तोकी नियमानुसारको पारिश्रमिक पाउने गरी कार्यालयवाट कार्यादेश दिने र उक्त घरहरुमा प्रयोग भएका Construction Materials हरुको गुणस्तर परिक्षण कार्य समेतका लागि सेवा र परामर्श शिर्षकको विनियोजित बजेट रु.१०००००० |- मध्ये बाट रु.५००००० |- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२०७९-३-२०

रामलाल डगौरा थारु
नगर प्रमुख